सुदूरपश्चिम प्रदेशको कृषि विकास रणनीति

(२०७९/८० - २०९३/९४)

सारांश



सुदूरपश्चिम प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

धनगढी, कैलाली, नेपाल

विषय सूचि

कार्यकारी सारांश 2
१ प्रदेशको पृष्ठभूमी 3
११ कृषि. प्रविधि प्रणाली 4
१.२ कृषि रूपान्तरणको कारकहरू (Drivers of Agricultural Transformation) 5
२. ADS ढाँचा 6
२.१ ADS दुरदृष्टि ..... Error! Bookmark not defined.
२.२ विकास उद्देश्यहरू ..... Error! Bookmark not defined.
६ PADS ढाँचा 7
६.१ दूरदृष्टि, ध्येय र उद्देश्य 8
६.२ PADS को प्रभाव, परिणाम र लक्ष्यहरू 9
६१ प्रभावहरू.२. 9
६ २.२.PADS परिणामहरू)Outcomes) 9
६३ लक्ष्य र सूचकहरू.२. 9
६.३ प्राथमिकता प्राप्त कार्यक्रमहरू (Priority Programs) 12
:परिणाम १ 6.3.1मागमा आधारित कृषि प्रविधि विकास र प्रसार 12
.परिणाम २ 6.3.2उत्पादकत्व वृद्धि तथा बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि ..... Error! Bookmark not defined.
:परिणाम ३ 6.3.3खाद्य र पोषण सुरक्षामा सुधार ..... Error! Bookmark not defined.
:परिणाम ४ 6.3.4संस्थागत सुदृढिकरण र सुशासनमा सुधार 16
६.४ स्रोत आवश्यकता र लगानी योजना ..... Error! Bookmark not defined.
७ अनुगमन, मूल्याङ्कन र समिक्षा 24
७.२ PADS को अनुगमन, मूल्याङ्कन र समिक्षा 25
८ योजना र बजेट ..... Error! Bookmark not defined.
८.१ कार्यक्रम लागत ..... Error! Bookmark not defined.

कार्यकारी सारांश

(SUMMARY)

नेपालको संविधानको मर्म र भावना अनुरुप एकीकृत दृष्टिकोण र कसैलाई पछि नछोड्ने (No One Leaving Behind) सिद्धान्तका माध्यमबाट मुलुकमा रुपान्तरणकारी परिवर्तनका लागि बलियो राष्ट्रिय प्रतिवद्धता सहितको नेपाल सरकारको दिगो विकास लक्ष्य सन् २०३० को एजेण्डालाई प्रदेश सरकारले आत्मसात गरेको छ । त्यसै गरी, पन्ध्रौं आवधिक योजनाले कृषि क्षेत्रको उत्पादकत्व एवं नाफा बढाउने र व्यवसायीकरण गर्ने लक्ष्य राखेको छ । साथै, आर्थिक वृद्धि गर्ने र सुधारिएको जीविकोपार्जन तथा खाद्य र पोषण सुरक्षामा योगदान पुऱ्याउँदै खाद्य संप्रभुताको नेतृत्व गर्ने कृषि विकास रणनीतिले आत्मनिर्भर, दिगो, प्रतिस्पर्धात्मक र समावेशी कृषि क्षेत्रको परिकल्पना गरेको छ । अझ प्रदेशहरूले उनीहरूको आवश्यकता र प्राथमिकताका आधारमा कृषि विकास रणानीति (ADS: सन् २०१५ देखि २०३५) लाई समय सान्दर्भिक (contextualize) गराउने अवसर समेत प्राप्त गरेका छन् । यसै सन्दर्भमा सुदूरपश्चिम प्रदेशले प्रदेशको अग्रणी विकास रणनीतिका रूपमा १५ वर्षे (आर्थिक वर्ष २०७९/८० देखि २०९३/९४ सम्म) प्रादेशिक कृषि विकास रणनीति (PADS) तर्जुमा गरेको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (MoLMAC), धनगढीको नेतृत्वदायी भूमिकामा USAID को Feed the Future किसान २ परियोजनाको प्राविधिक र आर्थिक सहयोग तथा EU को प्राविधिक सहयोग सुविधा (TCF) को समन्वयमा यो रणनीति तयार गरिएको छ ।

सुदूरपश्चिम प्रदेशको कुल राष्ट्रिय कृषि गार्हस्थ्य उत्पादन (AGDP) मा ६.९ प्रतिशत योगदान रहेको छ । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको हिस्सा ३६.१ प्रतिशत रहेको छ भने सेवा र उद्योग क्षेत्रको अंश क्रमशः ५०.७ प्रतिशत र १३.२ प्रतिशत रहेको छ ।

कृषि विकास रणनीति (ADS) नेपालको कृषि विकासको एक प्रमुख रणनीति हो । प्रादेशिक सम्भाव्यतालाई समेटेर ADS को जगमा रही सुदूरपश्चिम प्रदेश सरकारले यस रणनीति मार्फत प्रदेशको समृद्धिको लागि आत्मनिर्भर, समावेशी, प्रतिस्पर्धी र जलवायुमैत्री/समानुकुलित (Resilient) कृषि क्षेत्रको वृद्धि गर्ने परिकल्पना गरेको छ ।

मागमा आधारित कृषि प्रविधिहरूको विकास तथा विस्तार, उत्पादकत्व वृद्धि तथा बजार एवं व्यापारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि, खाद्य र पोषण सुरक्षामा सुधार, र सुशासन तथा संस्थागत सुदृढीकरण गर्ने चार स्तम्भ (परिणाम) हरूमा आधारित रही PADS को ढाँचा तयार गरिएको छ ।

१. प्रदेशको पृष्ठभूमि

भौतिक अवस्था र प्राकृतिक स्रोत

१. बझाङ, बाजुरा, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कैलाली र कञ्चनपुर गरी नौ वटा जिल्लाहरू रहेको यस प्रदेशमा एक उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका मिलेर ८८ स्थानीय तह रहेका छन् । यस प्रदेशको उचाइ न्यूनतम १०९ मिटरदेखि अधिकतम ७१३२ मिटरसम्म रहेको छ भने जलवायु स्थान अनुसार फरक फरक रहेको छ । यस प्रदेशको कुल क्षेत्रफल १९,५१५.५२ वर्ग किलोमिटर रहेको छ ।

जनसंख्या, जीविकोपर्जन, पेशा र रोजगारी

२. यस प्रदेशको जनसंख्या २,५५२,५१७ रहेको छ जुन नेपालको कुल जनसंख्या को ९.६३% हो । १५ वर्ष भन्दा माथिका क्रियाशील जनसंख्या १,८८३,००० जना रहेका छन् भने यहाँको बेरोजगार जनसंख्या ११.५% छ जुन राष्ट्रिय औषत (११.४%) बराबर नै छ । कृषि क्षेत्र सुदूरपश्चिम प्रदेशको अर्थतन्त्रको मेरुदण्डकै रुपमा रहेको छ, तथापि ७०% उत्पादन अझै पनि निर्वाहमुखी छ । यहाँको करिब ८०% जनसंख्याको मुख्य पेशा कृषि हो ।

आय, गरिबी र खाद्य सुरक्षा स्थिति

३. कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको योगदान (उत्पादक मूल्यमा) आ.व. २०७६/७७ मा ४.१% र आ.व. २०७७/७८ मा ४% रहेको छ । यस प्रदेशमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३६.१% छ भने सेवा क्षेत्र र औद्योगिक क्षेत्रको योगदान क्रमशः ५०.७% र १३.२% रहेको छ । निरपेक्ष गरिबीको रेखामुनि ३३.९% जनसंख्या रहेका छन् जुन राष्ट्रिय औषत (१८.७%) भन्दा निकै माथि छ (NPC, 2018)। खाद्य सुरक्षाको दृष्टिकोणबाट हेर्दा ३७.७% घर परिवार खाद्य सुरक्षित, १८% हल्का (mildly) खाद्य असुरक्षित, ३१.२% मध्यम रुपमा खाद्य असुरक्षित र १३% गम्भीर रुपमा खाद्य असुरक्षित छन् ।

प्रदेशको भू-स्वामित्वको अवस्था

४. यस प्रदेशमा प्रति परिवार ०.७ हेक्टर जग्गा उपलब्ध छ जुन छरिएर प्रति परिवार सरदर ३.३ कित्ता पर्छ । करिब ५२% घरपरिवारले केवल १५% मात्र जग्गा प्राप्त गरेका छन् भने ५% ले करिब ३३% जग्गाको स्वामित्व ग्रहण गरेका छन् । करिब ७५% घर परिवारको १ हेक्टर भन्दा कम जग्गा रहेको छ ।

२ अवस्थाको विश्लेषण

प्राथमिक उप-क्षेत्रहरू को प्रवृति/अवस्था विश्लेषण

५. यस प्रदेशमा कृषि क्षेत्र अन्तरगत साधारणतया बाली, बागवानी, पशु, मत्स्य र बन उप-क्षेत्रहरू रहेका छन् । यस प्रदेशले नेपालको कुल कृषि गार्हस्थ्य उत्पादनमा ६.९% योगदान गरेको छ ।

६. मुख्य खाद्यान्न बाली र आलुले यस प्रदेशको कुल क्षेत्रफल र उत्पादनमा ठूलो हिस्सा ओगटेको छ । सन् २००३ र २०१८ को तथ्याँक विश्लेषण गर्दा धान बालीको उत्पादकत्व २.५९ मे.ट. प्रति हेक्टरबाट वृद्धि भएर ३.६३ मे.ट. प्रति हेक्टर पुगेको छ भने गहुँको उत्पादकत्व १.७३ मे.ट. प्रति हेक्टरबाट वृद्धि भई २.१७ मे.ट. पुगेको थियो । त्यसै गरी, मकैको उत्पादकत्व १.५४ मे.ट. प्रति हेक्टरबाट वृद्धि भई २.२५ मे.ट. प्रति हेक्टर पुग्यो ।

७. पशुजन्य उत्पादनलाई कृषि र खाद्य उत्पादन क्षेत्रको महत्वपूर्ण अबयव (component) को रुपमा लिईन्छ । केही सिमित वस्तुको बाहेक यस प्रदेशमा सबै पशुजन्य वस्तुको उत्पादन सन्तोषजनक छ । सन् २००३-२०१८ को अवधिमा माछाको उत्पादन ज्यादै राम्रो रहेको छ भने दुध र मासुको उत्पादन त्यस पछिको राम्रोमा पर्छ । भैंसी / राँगाको मासु र बाख्राको मासुले कुल मासु उत्पादनमा सबभन्दा धेरै योगदान गरेको देखिन्छ ।

८. प्रदेशका कृषिजन्य उद्योगहरू मध्ये तराईमा धान मिलहरूको बाहुल्यता रहेको छ । प्राथमिक कृषि उत्पादन जस्तै आलु, फलफूल, मसला र जडिबुटीको मुल्य अभिवृद्धि गर्ने प्रशोधन उद्योगहरू सीमित मात्रामा र केही लघु एवं साना तथा मझौला उद्यमीहरूको हातमा रहेको छ ।

९. यस प्रदेशमा कृषि बजार प्रणाली विकास भएको छैन । यसले उत्पादन सामग्री आपूर्तिका साथै कृषि उत्पादनको बजारीकरणमा बाधा पुऱ्याएको छ ।

१०. प्रदेशको कुल खेती गरिएको जग्गामध्ये ५३.९% क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध छ, तर वर्षैभरी सिँचाइ हुने क्षेत्रफल २८.८% मात्र छ ।

११. यो प्रदेश जलवायुबाट सिर्जित खतराहरू (hazards) का कारण संकटापन्न अवस्थामा (vulnerable) रहेको छ । यस प्रदेशका पहाडी तथा उच्च पहाडी जिल्लाहरू जलवायु परिवर्तनको प्रभावका दृष्टिले उच्चदेखि ज्यादै उच्च रुपमा संवेदनशील छन् । यी जिल्लाहरू मध्ये बाजुरा र बझाङ ज्यादै उच्च रुपमा संवेदनशील छन् भने बैतडी, दार्चुला, र कैलाली संवेदनशील छन् । जलवायु परिवर्तनको दृष्टिले डोटी र अछाम जिल्ला मध्यम रुपमा संवेदनशील छन् भने कंचनपुर र डडेल्धुरा जिल्ला कम संवेदनशील वर्गमा पर्दछन् ।

कृषि प्रविधि प्रणाली

१२. कृषिको व्यवसायीकरण प्रविधिमा (technology-driven) आधारित छ । यस प्रदेशको कृषि प्रविधि प्रणालीमा रहेका प्रमुख चुनौतीहरू मध्ये गुणस्तरीय बीउ र नस्लहरूको पर्याप्त आपूर्ति नहुनु; अनुसन्धानबाट विकास गरिएका प्रविधिहरूले सबै पारिस्थितिकीय क्षेत्र एवं खेती प्रणाली र किसानहरूको आवश्यकताको प्रतिनिधित्व गर्न नसक्नु; जलवायु समानुकूलन प्रविधिहरू अति सीमित हुनु; जैविक विविधताको संरक्षण र दिगो उपयोगको अभ्यास न्यून हुनु; जडिबुटी, सुगन्धित, औषधीजन्य बिरुवा र कृषि-बनको प्रविधि विकास न्यून हुनु; सिँचाइ प्रणाली अपर्याप्त हुनु; उपयुक्त मेसिनरी र उपकरणहरूको उपलब्धता न्यून हुनु; अनुसन्धानमा सरकारी, निजी र शिक्षण संस्थाहरू बिच कमजोर सम्बन्ध हुनु रहेका छन् ।

१३. कृषिको उत्पादकत्व वृद्धि गर्नका लागि उपयुक्त प्रविधिहरूको विकास र अवलम्बन गर्नुका साथै दक्षता बढाउन र कृषि उत्पादनलाई बजार मागका आधारमा दिगो बनाउन ज्ञानको समेत आवश्यकता पर्दछ ।

कृषि व्यवसायीकरण

१४. यस प्रदेशमा कृषि उत्पादन साधन र सेवाहरूलाई असर गर्ने तथा प्रभाव पार्ने असंख्य मुद्दाहरू मध्ये महत्वपूर्ण मुद्दाको रुपमा कृषक समुदाय बिच रहेको थोरै जमीन र भएको जमीनको पनि खण्डीकरण हुनु रहेको छ । अन्य मुद्दाहरूमा बीउ, मलखाद, र सिँचाइको अभाव तथा जङ्गली जनावरको प्रकोप आदि रहेका छन् ।

१५. पशुपन्छी सम्बन्धी मुख्य समस्याहरू मध्ये अनुवंश सुधार गरिएका पशुहरूको अभाव, जात सुधारको लागि आनुवंशिक स्रोत तथा सामग्री (genetic materials) को अभाव, संक्रामक र परजीवी रोगहरू, गुणस्तरीय पशुदानाको उच्च मूल्य र न्यून उपलब्धता, आदि रहेका छन् ।

खाद्य तथा पोषण सुरक्षा

१६. खाद्य तथा पोषण सुरक्षामा खाद्य उपलब्धता, खाद्यमा पहुँच, खाद्यको उपयोग र स्थायित्व जस्ता स्तम्भहरू समाहित हुन्छन् । यी पक्षहरू गरिबी, पोषण सम्बन्धी ज्ञान र सीप, उत्पादन विविधीकरण र मूल्य अभिवृद्धि जस्ता विभिन्न कारकहरूबाट प्रभावित हुन्छन् । अधिकांश जनसंख्यामा अझै पनि पौष्टिक खाद्यान्न उपभोग गर्ने बानी नरहेका कारण प्रदेशमा पुड्कोपना (Stunting), कुपोषण र रक्तअल्पताको उच्च प्रकोप रहेको छ । अपर्याप्त खाद्य उत्पादन र उपभोग, गरिबी, वितरणको समस्या, फार्म भित्र र फार्म बाहिर रोजगारीका अवसरहरूको अभाव, स्थानीय एवं परम्परागत बालीहरू (local and indigenous crops) को उत्पादन विविधीकरण र मूल्य अभिवृद्धिबारे ज्ञान तथा सिपको अभाव र गरिबीका कारण रोजगारीका लागि ग्रामीण क्षेत्रबाट हुने बसाई सराई जस्ता मुद्दा यस प्रदेशका प्रमुख सवालहरू (Critical Issues) हुन् ।

संस्थागत विकास र सुशासन

१७. संघीय तथा प्रादेशिक कृषि अनुसन्धान तथा प्रसार सेवा प्रदायक निकायहरूको जिम्मेवारी र जवाफदेहिता स्पष्ट नहुनुका साथै यस प्रदेश तथा पालिका स्तरमा कृषि सेवा प्रदायक सार्वजनिक निकायहरूमा विद्यमान दरबन्दी न्यून रहनु र दरबन्दी अनुसारको पदपुर्ती नहुनुको कारणले यस प्रदेशमा कृषि क्षेत्रको विकास आशा गरे अनुसार हुन सकेको छैन । साथै, निजी तथा सहकारी क्षेत्रबाट कृषि अनुसन्धान र विकासमा लगानी एवं सक्रियता न्यून देखिन्छ।

कृषि रूपान्तरणका कारकहरू (Drivers of Agricultural Transformation)

१८. प्रदेशको कृषि रुपान्तरण प्रक्रियामा आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक र प्राविधिक कारणहरूले सकारात्मक र नकारात्मक परिचालकको रुपमा काम गरिरहेका छन । सकारात्मक कारकहरूको रूपमा भौतिक एवं सूचना प्रविधिको उपयोगमा आएको सुधार, उपभोगमा विविधीकरणका कारण कृषि उत्पादनको बढ्दो माग, बाह्य संसारसँग प्राविधिक एकीकरण, उपभोक्ताको बढ्दो क्रयशक्ति, खेतीका

लागि जग्गाको उपलब्धता, कृषि क्षेत्रमा शिक्षित युवाहरूको बढ्दो सहभागिता, कृषि मूल्य श्रृंखलामा निजी क्षेत्रको लगानी र कृषि उत्पादन मूल्य अभिवृद्धि गर्ने उद्योगहरूको क्रमिक विकासलाई लिन सकिन्छ ।

१९. प्रदेशमा कृषि रूपान्तरणको प्रक्रियालाई बाधा पुऱ्याउने नकारात्मक कारकहरूमा खेतीयोग्य जमीन बांझो रहनु, बढ्दो श्रम लागत र कृषि श्रमको अभाव, कृषि क्षेत्रमा घट्दो नाफा, आयातित उत्पादनहरूसँग बढ्दो प्रतिस्पर्धा, जलवायु परिवर्तनको प्रभाव र बढ्दो पानीको अभाव, बढ्दो मानव-वन्यजन्तु द्वन्द, माटोको घट्दो उर्वराशक्ति र कृषि र गैह्र कृषि क्षेत्र बिच श्रमिक उत्पादकत्वमा बढ्दो असमानतालाई लिन सकिन्छ ।

२०. नेपाल सरकारले कृषि क्षेत्रको उत्पादकत्व वृद्धिमा सुधार ल्याउन एवं कृषिको व्यवसायीकरण तथा विविधीकरण गर्न विभिन्न नीति र योजनाहरू तर्जुमा गरेको छ । राष्ट्रिय स्तरमा लोकतान्त्रिक शासनको पुनर्स्थापना भएपछि विभिन्न नीतिगत उद्देश्यहरू हासिल गर्न सरकारले विभिन्न लगानी नीति, कार्यक्रम, रणनीति र योजनाहरू तर्जुमा गरी कार्यान्वयन गरेको छ । सरकारले आर्थिक विकास, वातावरण संरक्षण र गरिबी निवारणको उद्देश्य हासिल गर्न कृषि, बन, जलवायु परिवर्तन, भू-उपयोग, गरिबी निवारण, सिँचाइ लगायतका दर्जन बढी नीतिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

२१. नेपाल सरकारले आफ्नो एकीकृत दृष्टिकोण र कसैलाई पछाडि नछोड्ने (Leaving No One Behind) सिद्धान्त अनुरुप देशको रुपान्तरणको माध्यमबाट बलियो राष्ट्रिय प्रतिवद्धताका साथ दिगो विकास लक्ष्य सन् २०३० को एजेन्डा अगाडि बढाएको छ। तदनुसार सन् २०३० का लक्ष्यहरू सन् २०१६ मा तय गरिएको र यसको राष्ट्रिय समीक्षा समेत सन् २०२० मा भैसकेको छ ।

२२. प्रादेशिक नीति र योजनाहरू मुख्यतया राज्य संरचनाको सङ्क्रमणकालीन अवधिसँग सम्बन्धित राष्ट्रिय नीति संरचनामा आधारित छन् । तसर्थ, सुदूरपश्चिम प्रदेशका अधिकांश कृषि कार्यक्रमहरू राष्ट्रिय कृषि नीति (२०६१), कृषि विकास रणनीति (२०१५) र दिगो विकास लक्ष्यहरूमा आधारित रहेका छन्। प्रदेश सरकारले कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन ऐन (२०७५) र कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन नियमावली २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

३. ADS ढाँचा


२३. ADS ले "आर्थिक वृद्धि मार्फत खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउन र जीविकोपार्जनमा सुधार गर्दै खाद्य सम्प्रभुता तर्फ डोऱ्याउनका लागि आत्मनिर्भर, दिगो, प्रतिस्पर्धात्मक र समावेशी कृषि क्षेत्र" को परिकल्पना गरेको छ । ADS ले खाद्य तथा पोषण सुरक्षा, गरिबी न्यूनीकरण, प्रतिस्पर्धात्मकता, ग्रामीण घरपरिवारको उच्च र अधिक समतामूलक आम्दानीका लागि चार स्तम्भमा आधारित रही किसानको अधिकारलाई सुदृढ गर्ने लक्ष्य राखेको छ । ती स्तम्भहरूमा सुशासन, उत्पादकत्व, नाफामूलक व्यवसायीकरण, र सुशासन हुन् ।

२४. ADS का सबै परिणाम, प्रतिफल र गतिविधिहरूबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खाद्य र पोषण सुरक्षामा सुधार गर्ने र प्राकृतिक स्रोतहरूको दिगो उपयोग मार्फत खाद्य उत्पादन र उत्पादकत्व बढाएर राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने रहेको छ । खाद्य उत्पादन र उत्पादकत्व वृद्धिका लागि प्राकृतिक स्रोतहरूको दिगो उपयोग; सुधारिएको खाद्यान्न/दाना/बीउ भण्डारण; आपत्कालीन अवस्थाका लागि तयारी

तथा सुधार, जलवायु स्मार्ट कृषि अभ्यासहरू मार्फत किसानहरूको जोखिम कम गर्ने; किसानको आय वृद्धि; बजार पहुँचमा सुधार; उत्पादनोपरान्त क्षति कम गर्दै खाद्य सुरक्षामा सुधार; विविध आहारको लागि व्यापार विविधीकरण; महिला, युवा, पिछडिएका समूह र पिछडिएका क्षेत्रहरूमा आधारित व्यक्तिहरूको नेतृत्वमा रहेका सूक्ष्म, साना र मझौला कृषि उद्यमहरूको विकासलाई तीव्रता दिने अपेक्षा गरिएको छ ।


४. PADS ढाँचा

२५. गरिबीको रेखामुनि रहेका सुदूरपश्चिम प्रदेशका करिब एक तिहाई जनताको गरिबी निवारण गर्न तथा समग्र कृषि क्षेत्रको व्यवसायीकरण गर्न कृषिको द्रुततर वृद्धि (accelerated agricultural growth) लाई प्रमुख माध्यमको रुपमा लिईएको छ । चित्र १ अनुसारको अपेक्षा हासिल गर्न PADS केन्द्रित हुनेछः



चित्र १. PADS को अपेक्षा

२६. माथिका अपेक्षा पूरा गर्न PADS ले कृषि प्रविधि प्रणाली, कृषि व्यवसायीकरण, खाद्य तथा पोषण सुरक्षा, र संस्थागत एवं सुशासनको चार रणनीतिक परिणामहरू मार्फत कृषि क्षेत्रको वृद्धिलाई गति दिनेछ । चार परिणामहरूले सामाजिक र पारिस्थितिकीय समावेशिता, दिगोपन र जलवायु परिवर्तन समानुकूलन, पारदर्शिता एवं जवाफदेहिता, कुल उत्पादन साधनहरूको उत्पादकत्व (TFP) वृद्धि, वैज्ञानिक नवप्रवर्तन र सुस्पष्ट ज्ञानको आधार र सक्षम वातावरण अभिवृद्धि गर्ने लक्ष्य राखेका छन् (चित्र २)। रणनीतिक परिणामहरू सार्वजनिक, निजी, र सहकारी क्षेत्रहरू बिचको सहकार्य र साझेदारीको बलियो आधारशिलामा आधारित छन् ।



चित्र २ . PADS को ढाँचा

४.१ दूरदृष्टि, ध्येय र उद्देश्य

२७. PADS को दूरदृष्टि, ध्येय र उद्देश्य निम्नानुसार रहेका छन् ।

दूरदृष्टि

सुदूरपश्चिम प्रदेशको समृद्धिको लागि आत्मनिर्भर, समावेशी, प्रतिस्पर्धी र जलवायुमैत्री/समानुकूलित (Resilient) कृषि क्षेत्रको वृद्धि।

PADS ध्येय (Mission)

प्रभावकारी, प्रतिस्पर्धी र दिगो कृषि क्षेत्र प्रवर्द्धन गरी आयस्तर वृद्धि र खाद्य एवं पोषण सुरक्षा सुनिश्चित गर्ने ।

PADS उद्देश्यः

PADS का उद्देश्य तपसिल बमोजिम रहेका छन् ।

- कृषि पेशालाई मर्यादित बनाउने ।
- कृषि क्षेत्रको प्रतिस्पर्धी क्षमता वृद्धि गर्ने ।
- कृषि उत्पादनमा आत्मनिर्भरता अभिवृध्दि गर्ने ।
- जीविकोपार्जन सुधार र खाद्य एवं पोषण सुरक्षा सुनिश्चित गर्ने ।

४.२ PADS को प्रभाव, परिणाम र लक्ष्य

प्रभाव

२८. PADS को समग्र प्रभाव पाँचवटा आयामहरूबाट बनेका छन्: क) खाद्य र पोषण सुरक्षामा सुधार; ख) आय वृद्धि र गरिबी न्यूनीकरण; ग) कृषि व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि; घ) सुदृढ संस्था एवं सुशासन; र ङ) उत्पादन तथा बजार प्रणालीको समानुकूलता (Resiliency) विकास रहेका छन् (तालिका १) ।

तालिका १. PADS प्रभावका सूचकहरू

प्रभाव (Impact)	सूचक (Indicator)
खाद्य र पोषण सुरक्षामा सुधार	• खाद्य सुरक्षित घरपरिवार (%) • ५ वर्षभन्दा कम उमेरका बालबालिकामा पुड्कोपन (stunting), कम तौल (underweight) र ख्याउटेपन (wasting) (%) • दुध, अण्डा, मासु र फलफूलको उपलब्धता (प्रति व्यक्ति)
आय वृद्धि र गरिबी न्युनीकरण	• प्रति व्यक्ति आय (रू) • गरिबी दर (%)
कृषि व्यापारको प्रतिस्पर्धात्मक क्षमता वृद्धि	• बजारीकरण गरिएका कृषि वस्तुहरू (बजारयोग्य बचतको %) • मूल्य श्रृङ्खला प्रवर्द्धन (संख्या) • निर्यात प्रवर्द्धन (निर्यात गरिएको मूल्य/मात्रा)
सुदृढ संस्थाहरू र सुशासनमा सुधार	• कृषिमा आधारित उद्योग स्थापना (संख्या) • सहकारी र निजी क्षेत्रको संलग्नता (खरिद बिक्रि मात्रा) • कृषि उत्पादन साधन, वित्त, र बीमामा पहुँच (परिमाण र मूल्य) • गुनासो सम्बोधन गर्ने संयन्त्र (समस्याहरू समाधान गर्न)
उत्पादन तथा बजार प्रणालीको समानुकूलता विकास	• जलवायु परिवर्तन अनुकूलन प्रविधिहरू (प्रविधिहरूको सङ्ख्या) • खाद्य आपूर्ति र भण्डारण, बीउ बैंक, खाद्य बैंक (संख्या र मात्रा)

PADS परिणाम (Outcomes)

२९. PADS निम्न चार परिणामहरूमा आधारित छ ।

परिणाम १: मागमा आधारित कृषि प्रविधि विकास र प्रसार ।

परिणाम २: उत्पादकत्व वृद्धि र उत्पादन, बजार एवं व्यापारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि ।

परिणाम ३: खाद्य र पोषण सुरक्षामा सुधार ।

परिणाम ४: संस्थागत सुदृढीकरण र सुशासनमा सुधार ।

लक्ष्य र सूचक

३०. प्रस्तुत लक्ष्यहरू (targets) ले PADS कार्यान्वयनको परिणाम स्वरूप हासिल गर्न सकिने उद्देश्यको प्रतिनिधित्व गर्छन् । आर्थिक वर्ष २०७९/८० देखि लागू हुने छोटो अवधि (५ वर्ष) र बाँकी १० वर्षका लागि दीर्घकालीन लक्ष्यहरू सूचीवद्ध गरिएको छ । PADS कार्यान्वयनका लागि प्रस्तावित

मार्गचित्रबाट सबै लक्ष्यहरू प्राप्त हुनेछन् । लक्ष्य र सूचकहरू तालिका २ मा उल्लेख गरिएको छ ।

तालिका २. PADS दुरदृष्टिका प्राथमिक लक्ष्य र सूचकहरू

परिणाम (Outcomes)	सूचक (Indicators)	लक्ष्य (Targets)			कैफियत
		आधार वर्ष २०७८/७९	२०८३/८४	२०९३/९४ सम्म	
मागमा आधारित कृषि प्रविधि विकास र प्रसार	NARC केन्द्रहरूको स्थापना (संख्या)	१	२	३	तीन भौगोलिक क्षेत्रहरूको लागि
	बाह्य फार्महरू (outreach farms) को स्थापना (संख्या)	५	८	८	सरकारी-निजी-सहकारी साझेदारीमा
	कृषकको खेतबारी परिक्षण (FFT) स्थान (site) स्थापना (संख्या)	०	५	१५	सरकारी-निजी साझेदारीमा
	कृषि विकास स्रोत केन्द्र स्थापना (संख्या)	३५ (बिउ)	५०	८०	मुख्यतया निजी क्षेत्रबाट
	पशुपन्छी तथा मत्स्य विकास स्रोत केन्द्र स्थापना (संख्या)	४	७	२०	मुख्यतया निजी क्षेत्रबाट
	शैक्षिक-प्रसार-अनुसन्धान नमुना स्थान स्थापना (संख्या)	०	६	१८	कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसँगको सहकार्यमा
उत्पादकत्व वृद्धि र उत्पादन, बजार एवं व्यापारमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि	जमिनको उत्पादकत्व (कृषि कुल गार्हस्थ्य उत्पादन/हे.) अमेरिकी डलर	२,३७३	२,९३८	४,७८७	ADS को निर्धारित लक्ष्य अनुरुप
	श्रमिकको उत्पादकत्व (कृषि कुल गार्हस्थ्य उत्पादन/श्रमिक) अमेरिकी डलर	३५०	५००	१,०००	
	हैसियत बिग्रिएको जग्गा न्युनीकरण (हे.)	८,३१०	७,५००	५,०००	CBS २०११ अनुसार
	५ प्रमुख बालीहरूको भारित औसत उत्पादकत्व (मे.ट./हे.)	२.६७	३.०७	३.७	धान, मकै, गहुँ, कोदो र जौ
	वर्षभरी सिँचाइ हुने क्षेत्रफल (%)	२८	३३	४७	
	विकास, सुदृढीकरण र संचालन गरिएका बजार केन्द्रहरू (संख्या)	५४	६४	८४	
	एग्रोभेटको संख्या	३५२	४५०	६५०	

परिणाम (Outcomes)	सूचक (Indicators)	लक्ष्य (Targets)			कैफियत
		आधार वर्ष २०७८/७९	२०८३/८४	२०९३/९४ सम्म	
खाद्य र पोषण सुरक्षामा सुधार	गरिबीको स्तर (%)	३३.९	२७	१५	
	खाद्य असुरक्षित परिवारहरूको प्रतिशत (मध्यम र गम्भीर)	४४	३५	२०	
	बालबच्चाको कुपोषण (५ वर्ष मुनि)- पुड्कोपन	४०.९	३२	२०	NDHS/FNG को आधारमा
	बालबच्चाको कुपोषण (५ वर्ष मुनि)- कम तौल	३३.३	२७	१५	,,
	बालबच्चाको कुपोषण (५ वर्ष मुनि)- ख्याउटेपन	१४.१	१०	५	,,
	प्रति व्यक्ति उपलब्धता/वर्ष: दुध(लि.)	८१	९४	११४	
	प्रति व्यक्ति उपलब्धता/वर्ष: मासु (कि.ग्रा.)	११.५	१३	१७	
	प्रति व्यक्ति उपलब्धता/वर्ष:: अण्डा (संख्या)	१८	२७	४९	
	प्रति व्यक्ति उपलब्धता/वर्ष: फलफूल (कि.ग्रा.)	२०	२३	२९	
	प्रति व्यक्ति उपलब्धता/वर्ष: तरकारी (कि.ग्रा.)	११७	१२६	१३९	
सुदृढ संस्थाहरू र सुशासनमा सुधार	प्रतिवर्ष कुल कृषि गार्हस्थ्य (AGDP) वृद्धि (%)	२.७५	३.१५	४.०	
	क्वारेन्टिन कार्यालय/प्रयोगशाला स्थापना	५	९	१३	
	रजिष्टर्ड कृषिमा आधारित व्यवसाय (संख्या)	१,९२१	२,६००	४,०००	
	कृषि सहकारीहरूको स्थापना र संचालन (संख्या) operated	८६१	९००	१,०००	
	दुध सहकारीहरूको स्थापना र संचालन (संख्या)	३६	५०	७५	
	जडिबुटी सहकारीहरूको स्थापना र संचालन (संख्या)	५	१०	२०	

४.३ प्राथमिकता प्राप्त कार्यक्रम (Priority Programs)

परिणाम १: मागमा आधारित कृषि प्रविधि विकास र प्रसार

३१. कृषि प्रविधि प्रणालीको समग्र परिणाम १२ वटा प्रतिफलहरू मार्फत प्राप्त हुनेछ ।

मुख्य प्रतिफल (outputs)

१. किसान र कृषि उद्यमहरूको आवश्यकतालाई सम्बोधन गर्ने विकेन्द्रित अनुसन्धान प्रणाली विकास

३२. यो प्रतिफल सबै पारिस्थितिकीय क्षेत्रहरूको प्रतिनिधित्व गर्ने अनुसन्धान केन्द्रहरूको विस्तार, सार्वजनिक-निजी-सामुदायिक साझेदारीमा बाह्य फार्महरूको स्थापना, शैक्षिक संस्थासँग शिक्षा-अनुसन्धान-प्रसार नमूना स्थानहरूको विकास र विभिन्न जात/नस्ल र अन्य प्रविधिहरूको परीक्षण र स्वीकार्यता सुनिश्चित गर्न किसानहरूको खेतबारीमा परीक्षण स्थानहरूको प्रवर्द्धनबाट प्राप्त हुनेछ ।

२. बीउ/बिरुवा, नस्ल, दाना र माछाको भुराहरूका लागि पारिस्थितिकीय क्षेत्र अनुरुप स्रोत केन्द्रहरू निजी क्षेत्र, सहकारी, र कृषि व्यवसायीहरूको संलग्नतामा स्थापना

३३. निजी क्षेत्र, सहकारी, एग्रोभेट तथा कृषि व्यवसायीलाई संलग्न गराएर विभिन्न बाली तथा तरकारीहरूको गुणस्तरीय बीउ, विभिन्न फलफूलका बिरुवाको गुणस्तरीय बेर्ना आपूर्ति गर्न स्रोत केन्द्रको थप विकास यो प्रतिफल हासिल हुनेछ ।

३. सहभागितामूलक प्रविधि विकास र विस्तार

३४. यो प्रतिफलले प्रविधि विकास, प्रमाणीकरण र अवलम्बनमा निरन्तरता दिने अपेक्षा गरिएको छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रहरू मार्फत तालिम र अनुकूलन (adaptive) अनुसन्धान तथा प्रदर्शनहरू संचालन गर्न एक संयुक्त संयन्त्र/विधिको विकास गर्नुका साथै अनुसन्धान प्रक्रियामा सरकारी तथा निजी क्षेत्र, किसान, कृषि प्रसारकर्ता एवं कृषि शिक्षण संस्थाको सहभागिता सुनिश्चित गरिनेछ । प्रविधि र सो सम्बन्धी ज्ञान सीप प्रदान गर्न र प्रविधिलाई कृषक समक्ष पुऱ्याउन स्थलगत तालिम/कृषक पाठशालाको आयोजना गरिनेछ । सहभागितामूलक परीक्षण, प्रदर्शन र प्रमाणीकरणका लागि कृषक, प्रसारकर्ता र अनुसन्धानले संयुक्त रूपमा एक म्यानुअल/निर्देशिका तयार गर्नेछन्।

४. संघीय बीउ नीतिको प्रभावकारी कार्यान्वयन र प्रदेश बीउ नीति तर्जुमा तथा कार्यान्वयन

३५. क्वारेन्टाइन प्रणालीलाई सुदृढ गर्दै नियामक प्रावधानलाई कडाइका साथ अवलम्बन गर्नु, नीति कार्यान्वयनका लागि पूर्वाधारमा लगानी वृद्धि र क्षमता अभिवृद्धि गर्नु र गुणस्तरीय बीउ उत्पादन गर्न निजी क्षेत्रलाई आवश्यक सहयोग तथा प्रोत्साहन गर्नु आवश्यक छ ।

५. किसानमैत्री कृषि मेसिनरी तथा औजार उपकरणको विकास र उपलब्धता

३६. कार्यबोझ तथा उत्पादन लागत घटाउन कृषि यान्त्रिकीकरणका बारेमा चेतनामूलक कार्यक्रम संचालन गरी माग वृद्धि गर्नुका साथै अनुदान उपलब्ध गराएर यो प्रतिफल हासिल गरिनेछ । स्थानीय तहमा कस्टम हायरिङ सेन्टर (निजी तथा सहकारी संस्थाबाट) स्थापना गरिनेछ । कृषि यन्त्रहरूको प्रयोगलाई प्रोत्साहन गर्न किसान र कृषि उद्यमीहरूको पक्षमा कर, शुल्क र दस्तुरमा लचिलो नीति अवलम्बन गरिनेछ ।

६. गैर-परम्परागत सिँचाइ प्रविधिहरूको मूल्याङ्कन, प्रमाणीकरण र विस्तार

३७. गैर-परम्परागत सिँचाइ प्रविधिहरू (जस्तै, ड्रिप, स्प्रिंकलर र लिफ्ट) को प्रभावकारिता वृद्धि गरी खेतमा पानीको उपयोग बढाउन अनुसन्धान एवं विकास गतिविधिहरू सञ्चालन गरिनेछन् ।

७. विभिन्न सरोकारवालाहरू बिच सहकार्य र साझेदारी प्रवर्द्धन

३८. कृषि तथा पशुपन्छी अनुसन्धान तथा विकास कार्यक्रममा साझेदारी र सहकार्यमा आधारित मोडललाई प्रवर्द्धन गर्नु आवश्यक छ । यस सम्बन्धमा निर्देशिका तयार गरी सूचना प्रवाह गर्ने विधि स्थापित गरिनेछ, साथै क्षमता अभिवृद्धिका गतिविधिहरू सञ्चालन गर्ने र प्रतिक्रिया लिने दिने विधि/प्रकिया पनि स्थापित गरिनेछ ।

८. अनुसन्धान र प्रसारमा प्राविधिक क्षमता अभिवृद्धि

३९. उच्च शिक्षा, प्राविधिक र व्यवस्थापकीय तालिमहरू र पुनर्ताजगी तालिमहरू मार्फत कृषि ज्ञान केन्द्र /भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका कर्मचारी एवं स्थानीय तहका प्राविधिकहरूको क्षमता वृद्धि गर्ने र उनीहरूलाई बढुवाको अवसर समेत दिइनेछ ।

९. प्रविधि प्रसार तथा अवलम्बन प्रवर्द्धन

४०. अनुसन्धानबाट विकसित नयाँ प्रविधिहरूलाई व्यापक रूपमा अवलम्बन गर्नका लागि ती प्रविधिको विस्तार गरिनेछ । बृहत क्षेत्रमा प्रविधि विस्तार गर्नका लागि व्यक्ति/कृषक समूह/सहकारीलाई समेटी LRP र OVOT परिचालन गरी किट (कृषि तथा पशुपालन) उपलब्ध गराउने; प्रदर्शन गतिविधिहरू संचालन एवं अनुगमन गर्ने; बाली संरक्षण र पशु स्वास्थ्य सेवा र प्रकोप पश्चात राहतका लागि आपत्कालीन कोषको व्यवस्था गर्ने; सेवा प्रदान गर्न सामुदायिक कृषि प्रसार सेवा केन्द्रको स्थापना गर्ने; प्रविधिको प्रचार प्रसारका लागि आमसञ्चार माध्यम उपयोग गर्ने; र प्रविधि प्रसार गर्न र कृषकहरूलाई बाली/वस्तु उत्पादनमा विज्ञ बनाउन कृषक पाठशालालाई सशक्त कृषि प्रसारको माध्यामको रुपमा अवलम्बन गरिनेछ ।

१०. स्रोत संरक्षण प्रविधि (RCT) को प्रवर्द्धन

४१. भूमि, श्रम, र पूंजी जस्ता मुख्य स्रोतहरूको संरक्षण गरी तिनीहरूको समुचित उपयोग गरिनेछ।

११. NTFPs र कृषि बनको लागि उपयुक्त प्रविधिको विकास र वढावा

४२. स्थानीय तह, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय र उद्यमीहरूसँगको सहकार्यमा पर्यावरणीय अवस्था र उद्यमी र किसानको प्राथमिकतालाई ध्यानमा राखी उपयुक्त कृषि-बन र कृषि-पर्यटन मोडलहरू विकास गरिनेछ ।

१२. जलवायु अनुकूलन/समानुकूलन प्रविधिहरू विकास र अवलम्बन

४३. जलवायु परिवर्तनले बाली उत्पादनका क्रममा घट्ने घटनाहरू र त्यसले कृषकको जीविकोपार्जनमा पार्ने सम्भावित असरहरू बारे सचेतना जगाउनु आवश्यक छ । खडेरी, बाढी, रोगकीरा सहन सक्ने बाली/जातको प्रयोग र परिवर्तनशील मौसमको अनुकूलन गर्ने प्रविधिहरू विकासमा ध्यान केन्द्रित गरिनेछ । साथै, पूर्व चेतावनी सूचना प्रणाली स्थापना गरी विपद् पूर्व तयारी प्रणालीलाई सुदृढ गरिनेछ ।

परिणाम २. उत्पादकत्व वृद्धि तथा बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि

४४. उत्पादकत्व वृद्धि र व्यापार एवं बजारीकरणमा बढेको प्रतिस्पर्धात्मकताको समग्र परिणाम १७ वटा प्रतिफलहरू मार्फत प्राप्त गरिनेछ ।

मुख्य प्रतिफल (Outputs)

१. प्राथमिकताका वस्तुहरूको पहिचान र बजारमुखी उत्पादन योजना तर्जुमा तथा कार्यान्वयन

४५. उपयुक्त/प्राथमिकताका बाली, वस्तु र नस्लहरू पहिचान गरी जोनिङका आधारमा तिनीहरूको खेती/व्यवसाय गरिनेछ । साथै, सडक आसपास (करिडोर) केन्द्रित प्राथमिकता प्राप्त बाली तथा वस्तुहरू छनौट गरी उनीहरूको तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभलाई ध्यानमा राखी प्रवर्द्धन गरिनेछ ।

२. उपयुक्त भूमि एकीकरण प्रणाली अवलम्बन

४६. जग्गाको एकीकरण र उपलब्ध प्रविधिको प्रयोगलाई अझ प्रभावकारी बनाई जमिन खण्डीकरणको समस्या समाधान हुन सक्छ । जग्गा पुलिङ कार्यान्वयन र जग्गा एकीकरण प्रणाली अवलम्बन गर्न प्रोत्साहनका उपायहरू सहित आवश्यक नीति, निर्देशिका/कार्यविधि तर्जुमा गरी लागू गरिनेछ ।

३. कृषि व्यवसायीकरणका लागि लगानी वातावरण सृजना

४७. प्रदेश सरकारले पारदर्शी कृषि सहयोग प्रणाली स्थापना गरी सम्पूर्ण कृषि उत्पादनको मूल्य श्रृङ्खलामा निजी क्षेत्रलाई आकर्षित गर्न अनुकूल व्यापार र लगानीको वातावरण सृजना गर्नेछ ।

४. व्यावसायिक कृषि विकासका लागि करार खेती

४८. स्पष्ट कार्यविधि, दिशानिर्देश, आवश्यक सहयोग (प्राविधिक, वित्तीय र बीमा), जमिन, गुणस्तरीय बीउ, बिरुवा, नस्ल, बजारीकरण, प्रशोधन र भण्डारण एवं अनुदान संयन्त्रको उपयोग गरी व्यावसायिक किसानहरूका लागि करार खेती प्रणालीको विकास गरिनेछ ।

५. सिँचाइ क्षेत्र विस्तार र वर्षभरी सिँचाइको सुनिश्चितता

४९. हालको नहर सिँचाइ प्रणालीमा सुधार र विस्तार गरी सोलार लिफ्ट, थोपा र स्प्रिंकलर जस्ता गैर-परम्परागत सिँचाइ प्रणालीलाई तीव्र उपयोगमा ल्याइनेछ ।

६. कृषि बजार सूचना तथा सूचना प्रविधि सेवा प्रवर्द्धन

५०. निजी क्षेत्रको सहभागितामा डिजिटाइज्ड कृषि बजार सूचना प्रणाली लागू गरिनेछ । विभिन्न सूचना तथा प्रविधि जस्तै सफ्टवेयरको प्रयोग, वेबमा आधारित सूचनाको प्रयोग, मोबाइल एप, एस.एम.एस, एफ.एम. रेडियो, स्थानीय टिभी, रेडियो जिंगल आदि प्रविधिको प्रसार र बजार बुद्धिमत्ता (market intelligence) को प्रवर्द्धनका लागि प्रयोग गरिनेछ ।

७. सक्रिय श्रमशक्तिको लागि अनुकूल वातावरण सिर्जना

५१. युवा किसान मैत्री कृषि व्यवसाय प्याकेजहरू विकास गरी उनीहरूको विदेश पलायन घटाउने र ग्रामीण पुनरुत्थानमा वृद्धि गरिनेछ ।

८. स्थानीय तथा परम्परागत बाली वस्तुको मूल्य अभिवृद्धि

५२. मूल्य अभिवृद्धिको सम्भाव्यताका आधारमा स्थानीय/परम्परागत बालीहरू (जस्तै आलु, सिमि, सिलाम, लट्टे) को प्राङ्गारिक उत्पादन र तिनको मूल्य अभिवृद्धिलाई प्रवर्द्धन गरिनेछ ।

९. विशिष्ट वस्तुहरूका लागि प्रतिस्पर्धात्मक कृषि मूल्य श्रृंखलाको विकास

५३. प्रमुख निर्यातयोग्य र प्राथमिकता प्राप्त वस्तुहरूको दिगो मूल्य श्रृङ्खला विकास गरिनेछ। प्रतिस्पर्धात्मक कृषि मूल्य श्रृङ्खला विकासका लागि किसान, एग्रोभेट, व्यापारी, प्रशोधनकर्ता, कृषि सहकारी, र FNCCI/DCCI जस्ता मूल्य श्रृंखला सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नुका साथै प्राविधिक सल्लाह प्रदान गर्ने र धान मिल मोडेल (Rice Mill Model) जस्ता विधिहरूको उपयोग गरिनेछ ।

१०. कृषि सडक र विद्युतीकरण सञ्जाल विस्तार

५४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा वर्षभरी सडकको पहुँच विस्तार गर्न र सम्भावित पकेटहरूमा विद्युतीकरण गर्न यो प्रतिफल केन्द्रित रहनेछ ।

११. माटोको उर्वरता नक्शाको प्रयोग र क्रप जोनिङ कार्य

५५. बाली तथा वस्तु योजनाको लागि भौगोलिक अवस्था र माटोको विविधताको साथै माटोको उर्वरता नक्साको उपयोग गरी विभिन्न बाली तथा जातको खेती गर्न प्राथमिकता दिने क्षेत्रहरू छुट्याइनेछ ।

१२. स्थानीय रूपमा उपलब्ध दाना सामग्री, डालेघाँस, र घांसेवाली प्रवर्द्धन

५६. पशुवस्तुका लागि स्थानीय रूपमा उपलब्ध पोषक तत्वयुक्त खाद्य सामग्रीहरूको पहिचान, विस्तार र उपयोगमा PADS ले ध्यान केन्द्रित गर्नेछ।

१३. जुनोटिक एवं अन्य प्रमुख रोगहरूको रोकथाम र नियन्त्रण

५७. जुनोटिक एवं अन्य रोग अनुसन्धान केन्द्र स्थापना गर्नुका साथै रोग निदान सहित गुणस्तरीय पशु स्वास्थ्य सेवाको लागि सुसज्जित प्रयोगशालाहरू स्थापना गरिनेछ ।

१४. बजार पूर्वाधार, भण्डारण सुविधा र बजार संजाल विकास

५८. प्रतिफलमा आधारित अनुदान योजनाहरूको प्रावधान सहित सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप स्थापना हुने उपयुक्त केन्द्रहरूमा कोल्ड स्टोर र कोल्ड चेन सहितको भण्डारण (warehouse) सुविधाहरू स्थापना गरिनेछ ।

१५. खाद्य पदार्थको स्वच्छता र गुणस्तर सुनिश्चितता

५९. गुणस्तरीय मापदण्ड अनुरूपका कार्य गर्न यस प्रदेशमा धेरै नियामक, संस्थागत र क्षमता विकासका कार्यहरू गर्नु पर्ने छन् । खानाको सुरक्षा र गुणस्तर सुनिश्चित गर्ने सन्दर्भमा PADS को प्रमुख रणनीति भनेको पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ जस्ता ऐनको प्रभावकारी कार्यान्वयन गर्नु हो । प्रदेश भित्र आवश्यक नियम कानून सहित खाद्य स्वच्छताका प्रावधान र गुणस्तर मापदण्ड अनुगमन र कार्यान्वयन गर्ने संस्था स्थापना गरिनेछ ।

१६. हैसियत बिग्रिएको जग्गाको पुनर्स्थापना तथा सुधार गरी कृषि बनको लागि उपयोग

६०. प्रदेश भित्र हैसियत बिग्रिएका जग्गा (degraded land) लाई भूक्षय नियन्त्रण र तटबन्ध निर्माण गरी कृषि बन प्रयोजनमा उपयोग गरिनेछ ।

१७. MAPs/NTFPs खेती, प्रशोधन, र व्यापार एवं संस्थागत सुधार

६१. यो प्रतिफल सहकारी, किसान समूह र निजी क्षेत्रमा आधारित MAPs/NTFPs को खेती प्रवर्द्धन गरी हासिल गरिनेछ ।

परिणाम ३: खाद्य र पोषण सुरक्षामा सुधार

६२. खाद्य र पोषण सुरक्षा तब मात्र प्राप्त हुन्छ जब सबै व्यक्तिले स्वस्थ जीवन जिउनको लागि पर्याप्त मात्रामा किफायती एवं पौष्टिक खानामा भरपर्दो पहुँच पाउँछन् । खाद्य र पोषण सुरक्षाका चार आयामहरू: उपलब्धता, पहुँच, उपयोग र स्थिरतालाई केन्द्रमा राखी कार्य अगाडि बढाई निम्न प्रतिफल प्राप्त गरिनेछ ।

मुख्य प्रतिफल (Outputs)

१. उत्पादन बढाएर खाद्यान्नमा भौतिक पहुँच सुधार

६३. खाद्यमा पहुँच सुधार र उपलब्धता सुनिश्चित गर्नु खाद्य र पोषण सुरक्षाको एक आयाम हो । यसले खाद्यान्नमा भौतिक पहुँच सुधार गर्ने र कृषि उत्पादन बढाउने लक्ष्य राखेको छ । प्रस्तावित क्रियाकलापहरूले उत्पादकत्व वृद्धि मार्फत उत्पादन बढाई खाद्यान्न उपलब्धता बढाउनेछ । गुणस्तरीय सामग्रीको आपूर्ति, बाली तथा पशुपन्छी ऋणको व्यवस्था, बजार र मूल्य सुनिश्चितता एवं नवप्रवर्तनको माध्यमबाट जलवायु अनुकूलन प्रविधि अपनाई उत्पादन बढाउन सकिनेछ ।

२. पौष्टिक विविधतायुक्त खाद्य उपभोग प्रवर्द्धन

६४. पशु-स्रोतबाट उपलब्ध हुने खाना, फलफूल, तरकारी र सिमी/दाल लगायत विविध पौष्टिक खाद्य पदार्थको खपत बढाएर घरायसी स्तरमा खाद्य उपभोगमा परिवर्तन ल्याइनेछ ।

३. आकस्मिक अवस्थाको लागि बीउ तथा खाद्यान्न मौज्दात (Buffer Stock) व्यवस्थापन

६५. संकटको समयमा मानिसहरूलाई खाद्य आपूर्ति सुनिश्चित गर्न खाद्यान्न र बीउ मौज्दातका लागि पर्याप्त भण्डारण सुविधाको विकास गरिनेछ ।

४. विविधतायुक्त खानाको पौष्टिक महत्वबारे जनचेतना अभिवृद्धि

६६. स्थानीय समूहहरूलाई परिचालन गरी पोषण सचेतना अभियानहरू आयोजना गर्ने, विद्यालय शिक्षामा पोषण पाठ्यक्रम समावेश गर्ने, जनचेतना अभिवृद्धिका लागि आमसञ्चार माध्यमको प्रयोग गर्ने, स्थानीय विविध खाद्य पदार्थहरूको पोषण सम्भावना आंकलन गर्ने र तिनको प्रशोधन र मूल्य अभिवृद्धि जस्ता क्रियाकलापहरू संचालन गरिनेछन् ।

५. स्थानीय वस्तुको मूल्य अभिवृद्धिका लागि महिला मैत्री खाद्य प्रशोधन मेसिनरी र उपकरणमा पहुँच

६७. स्थानीय उत्पादनको मूल्य अभिवृद्धिका लागि महिलाको क्षमता अभिवृद्धि, घरायसी स्तर, सामुदायिक र स्थानीय तहमा खाद्य प्रशोधनका लागि महिला मैत्री मेसिनरी र औजारहरूमा पहुँच सुनिश्चित गर्ने, उपकरण र मेसिनरीको लागतमा अनुदान, र आवश्यक सेवाहरू प्रदान गरिनेछ ।

६. खाद्य स्वच्छता र गुणस्तर प्रवर्द्धनका उपाय अवलम्बन

६८. गुणस्तर र स्वच्छता सुनिश्चित गर्नका लागि आवश्यकता अनुसार खाद्य सुरक्षा मापदण्डको तयारी र कार्यान्वयन एवं नियमित अनुगमन र मूल्याङ्कन गरिनेछ ।

परिणाम ४: संस्थागत सुदृढीकरण र सुशासनमा सुधार

६९. सुदृढ संस्था र सुशासनको समग्र परिणाम १४ प्रतिफलहरू मार्फत हासिल गरिनेछ ।

मुख्य प्रतिफल (outputs)

१. तीन तहका सरकारहरूको स्पष्ट कार्य विवरण सहितको संयन्त्र स्थापना

७०. स्पष्ट अधिकार र जिम्मेवारी समेटेर निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र स्थानीय तहका कृषि र पशु सेवा शाखाको भूमिका र जिम्मेवारी सहितको कार्य विवरण तयार गरी वर्तमान संस्थागत संरचनाको पुनर्संरचनाका माध्यमबाट यो प्रतिफल हासिल गरिनेछ । प्रत्येक नगरपालिका र गाउँपालिकासंग समन्वय गरी कुल बजेटको १५-२०% कृषि क्षेत्रमा विनियोजन गर्न अभिप्रेरित गरिनेछ ।

२. विभिन्न तहमा कृषि क्षेत्रमा काम गर्ने सार्वजनिक संस्थाहरू बिचको तालमेल अभिवृद्धि

७१. नियमित सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कनका लागि प्रभावकारी योजना र संयन्त्रको विकास गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायहरू बिच सामञ्जस्यता अभिवृद्धि गरिनेछ ।

३. विभिन्न तहका संस्थाहरू बिचको समन्वयमा एकीकृत कृषि विकास योजना तर्जुमा

७२. PADS को यस प्रतिफलले बहु-क्षेत्रीय योजना र नीतिहरूको कार्यान्वयन एवं अनुगमन गर्न स्थानीय तहहरूको आवश्यकता र क्षमता अनुरूप एकीकृत योजना प्रक्रियालाई सुसँगत गराउनेछ । ठोस तालमेलको लागि तलको तालिका ३ मा उल्लेख गरिए अनुसार नौ चरणको सहभागितामूलक योजनाको दृष्टिकोण अपनाइनेछ ।

तालिका ३. योजना चरण र कार्यहरू

चरण	चरणको बर्णन	समय	जिम्मेवारी
चरण-१	कृषक, कृषक समूह, कृषि सहकारी तथा निजी फर्महरूबाट आगामी आर्थिक वर्षको लागि कृषि विकास कार्यक्रमको लागि माग गर्न सूचना प्रकाशन गर्ने समय अवधि: ४५ दिन	आश्विन १०	पालिकाको कृषि/पशु विकास शाखा
चरण-२	प्राप्त मागहरूको सूची तयार गरी सम्भावित लगानी, प्राविधिक सम्भाव्यता, वर्तमान नीति, प्राथमिकताका आधारमा वडा स्तरमा कार्यक्रम तथा योजनाहरूको प्राथमिकीकरण गर्ने	मार्ग १५	पालिकाको कृषि/पशु विकास शाखा
चरण-३	पालिकास्तरमा योजनाहरूको वर्गीकरण र प्राथमिकीकरण गर्ने । पालिकाले सम्पन्न गर्ने बाहेकका योजनाहरूलाई जिल्ला समन्वय समितिमा पठाउने	पुप १५	पालिका
चरण-४	पालिकाबाट प्राप्त योजनाहरूको प्रमाणीकरण, प्राविधिक सम्भाव्यता अध्ययन र अनुमानित लगानी यकीन गर्ने	माघ १५	AKC/VHLSEC को सहयोगमा जि स स
चरण-५	कार्यक्रम लागत र समय सीमाको अन्तिम सूची तयार गर्ने - सालबसाली र बहुवर्षीय योजनाहरूको वर्गीकरण गर्ने - स्थानीय तहले सम्पादन गर्ने कार्यक्रम सम्बन्धित स्थानीय तहलाई सिफारिस गर्ने । - बाँकी कार्यक्रमहरू प्रदेशको सम्बन्धित मन्त्रालयमा सिफारिस सहित पठाउने ।	फाल्गुण ३०	AKC/VHLSEC को सहयोगमा जि. स. स.

चरण	चरणको बर्णन	समय	जिम्मेवारी
चरण-६	- MoLMAC मार्फत उप-परियोजनाहरू (सशर्त अनुदान वा संघीय कार्यान्वयनको लागि) संघीय स्तरमा अनुरोध गर्ने । - प्रदेशले संचालन गर्न सकिने कार्यक्रमहरूको सूची तयार गर्ने।	चैत्र १५	MOLMAC
चरण-७	- MoLMAC द्वारा अन्तिम सूची बनाउने (नीति, प्राथमिकता, लगानी, लागत लाभ र अन्य मापदण्डहरू) । - सरोकारवालाहरूबाट प्रतिक्रिया संकलन गर्ने ।	बैशाख १५	MOLMAC
चरण-८	परियोजनाहरूको सूचीलाई अन्तिम रूप दिने (आउँदो आर्थिक वर्षको नीति र कार्यक्रम ढाँचासहित)	बैशाख ३०	MOLMAC
चरण-९	सम्बन्धित कार्यालयहरूद्वारा PLMBIS मा प्रविष्ट गर्ने	जेष्ठ २०	MOLMAC

४. लक्षित अनुदान/सहयोग योजना लागू गरी पारदर्शी अनुदान वितरण संयन्त्रको विकास

७३. यो प्रतिफल पारदर्शी तरिकाले अनुदान वितरण विधि पालन गराउने कुराको सुनिश्चितता गर्न केन्द्रित रहनेछ। किसान एवं उद्यमीहरूको आवश्यकता अनुसार अनुदान उपलब्ध गराउनको लागि PADS ले योजना, स्रोत बाँडफाँड र कार्यक्रम कार्यान्वयनको शुरुदेखि नै दोहोरोपन नहोस् भन्नका लागि सरकारका तीन तहहरू बिचको अनुदान मोडालिटी/ढाँचाको समीक्षा गर्नेछ र कार्यान्वयन गर्न स्पष्ट निर्देशिका तयार गर्नेछ ।

५. निजी क्षेत्रको सक्रिय सहभागिताको सुनिश्चितता

७४. प्रविधिको प्रवर्द्धन र प्रसार, क्षमता अभिवृद्धि, आयातित उपकरणको भन्सार शुल्क समायोजन, कृषि व्यवसाय केन्द्रको स्थापना एवं मूल्य श्रृङ्खला अभिवृद्धि, स्रोत केन्द्र विकास, र उचित मूल्य प्राप्ती लगायतका प्रोत्साहनको बलियो प्रावधान सहित निजी क्षेत्रलाई कृषि व्यवसाय तर्फ उत्प्रेरित र आकर्षित गर्ने रणनीति विकास गरिनेछ । साथै, कृषि व्यवसाय प्रवर्द्धनमा निजी क्षेत्रलाई सहभागी गराउन प्रदेश सरकारले "कृषि व्यवसाय प्रवर्द्धनमा निजी क्षेत्रको सहभागिता नीति" तर्जुमा गर्नेछ । बाली र क्षेत्र अनुसार सन्तुलित मलको प्रयोग एवं मलको उच्चतम उपयोगका लागि प्रदेश सरकारले "मिस्रित (Blended) मल व्यवस्थापन कार्यविधि" तयार गर्नेछ ।

६. पहुँचयोग्य र लागत-प्रभावी कृषि सामग्री र सेवाहरूको सुनिश्चितता

७५. निजी क्षेत्रका लागि अनुदान, बीमा कभरेज र तिनीहरूको कार्यान्वयन गर्न भरपर्दो र पारदर्शी विधि/संयन्त्रको स्थापना गरिनेछ । अनुदान र अन्य कृषि सामग्री र सेवाहरू तथा तिनको कार्यान्वयन विधिका बारेमा संचार माध्यम/वेबसाइट जस्ता द्रुत माध्यमबाट जानकारी गराउनुका साथै मन्त्रालय, निर्देशनालय, कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सूचना डेस्क स्थापना गरिनेछ ।

७६. प्रत्येक वडास्तरमा कृषि सामग्री डिपो/एग्रो-भेट स्थापना गर्न सहयोग पुऱ्याइनेछ । इजाजतपत्र प्राप्त निजी सेवा प्रदायकहरूको प्रवर्द्धन, सहकारी एवं बैंक तथा वित्तीय संस्थाहरू मार्फत ऋण सुविधा, स्थानीय श्रोत व्यक्ति परिचालन, र किसानमैत्री सूचना प्रविधिको स्थापना गरिनेछ ।

७. सहकारीलाई सुदृढीकरण गरी सक्षम बनाउने

७७. सहकारीहरूको संस्थागत विकास, व्यावसायिक योजना तयारी, लेखा परीक्षण, अभिलेख राख्ने, लगानीको सम्भाव्यता पहिचान, व्यवस्थापन तथा व्यवसाय विकास सम्बन्धी सीप अभिवृद्धि गरिनेछ । साथै, सहकारीहरूलाई प्राविधिक जनशक्तिको व्यवस्थापन, एग्रो-भेट, र सूचना प्रविधि जस्ता पक्षहरूमा सशक्त बनाई कृषि उत्पादन र बजारीकरणको स्तर बढाउन कृषि मूल्य श्रृंखलामा संलग्न गराईनेछ । PADS ले सहकारी मार्फत कृषिमा लगानी तथा अनुदानलाई संस्थागत गर्नेछ ।

७८. प्रत्येक स्थानीय तहमा एक महिला सहित कम्तिमा दुई जना सहकारी प्रशिक्षकहरू विकास गरिनेछ। प्रदेश कृषि मन्त्रालयले प्रादेशिक स्तरमा सहकारी तालिम केन्द्र स्थापना गर्न र सहकारी सदस्यहरूलाई निर्धारित प्रकृतिको तालिम दिन सहजीकरण गर्नेछ।

८. वित्तीय सेवामा पहुँच सुनिश्चितता

७९. राष्ट्र बैंकको निर्देशन कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्थाहरूको नियमित अनुगमन गरी वित्तीय सेवामा किसानहरूको सहज पहुँचलाई सुनिश्चित गरिनेछ । साना किसानलाई ऋण उपलब्ध गराउन सहकारीहरूलाई प्रोत्साहन गरिनेछ । त्यसै गरी, प्रदेशमा कृषि तथा पशुपन्छी सेवाका लागि राष्ट्रिय बिमा प्राधिकरणको विद्यमान बीमा नीति अनिवार्य रुपमा लागू गर्न बीमा कम्पनीहरूलाई अभिप्रेरित गरिनेछ ।

९. CBOs/NGOs, कृषक समूह, वस्तुगत संस्था र विकास साझेदारहरूको सामञ्जस्यपूर्ण परिचालन

८०. प्रदेशमा कृषि क्षेत्रमा काम गर्ने सामुदायिक र गैर सरकारी संस्थाहरू बिच सामञ्जस्यता कायम गरिनेछ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, सामदुयिक बन उपभोक्ता समूह, युवा क्लब, किसान समूह, र किसान सञ्जालको क्षमता अभिवृद्धि गरी आधारभूत सेवा प्रदान गर्न सक्षम बनाइनेछ ।

१०. प्रभावकारी अनुगमन, समीक्षा र मूल्याङ्कन प्रणाली

८१. कार्यक्रमको नतिजा र सूचकहरूलाई ध्यानमा राखी अनुगमन र मूल्याङ्कन प्रणाली बनाईनेछ । प्रदेशमा अनुगमन, समीक्षा र मूल्याङ्कन प्रणालीका लागि देहायका कार्यहरू गरिनेछन्:

क) प्रदेश, जिल्ला र स्थानीय तहमा अनुगमन, मूल्यांकन, र रिपोर्टिङ प्रणालीको क्षमता सुदृढीकरण गर्ने ।

ख) सरकार र विकास साझेदारद्वारा लागू गरिएका कृषि क्षेत्रका नीति र कार्यक्रमहरूको समीक्षा गर्न संयुक्त क्षेत्रगत समीक्षा (Joint Sector Review) प्रणाली अवलम्बन गर्ने ।

ग) क्लस्टर स्तरमा सहभागितामूलक अनुगमन र मूल्याङ्कन संयन्त्रको स्थापना गर्ने ।

घ) कार्य प्रगतिको नियमित अनुगमन गर्ने ।

ङ) कार्यक्रम स्थलहरूमा नियमित रूपमा सार्वजनिक सुनुवाइ र सार्वजनिक लेखापरीक्षणको आयोजना गर्ने ।

११. कृषि डाटाबेस सुधार / स्थापना

८२. कृषि व्यवस्थापन सूचना प्रणाली (Agriculture Management Information System- AMIS) को स्थापना र सुदृढीकरण गरिनेछ । यसवाट उद्यम, बजार, मूल्य, पूर्वाधार, बाली, पशुपालन र मत्स्यपालन बारे विश्वसनीय डाटाबेस स्थापना हुनेछ । लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) तथा अन्य पछाडि परेका

समूहमा आधारित कृषि तथ्याङ्क विकास गरी अध्यावधिक गरिनेछ । डाटाबेसलाई मासिक, त्रैमासिक र वार्षिक आधारमा अध्यावधिक, विश्लेषण र प्रसार गरिनेछ । प्रादेशिक सरकारले केन्द्रिय तथ्यांक बिभागसंग समन्वय गरी तथ्यांक सङ्कलन प्रणालीको विकास गर्ने, विभिन्न किसिमका तथ्यांक अलग अलग राख्ने एवं स्थानीय तह, प्रदेश नीति तथा योजना आयोग र केन्द्रिय तथ्याङ्क विभागसँग समन्वय गरी तथ्यांक एकीकरण गर्नेछ ।

१२. कृषि विकासमा लैङ्गिक र समावेशी दृष्टिकोण अपनाउने

८३. लैंगिक समानता तथा सामाजिक समावेशीकरण (GESI) को लागि नीति, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्न प्रदेश तथा स्थानीय तहमा बृहत् संयन्त्र स्थापना गरिनेछ । हलिया, मुक्त कमैया, एकल महिला र जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रमहरू संचालन गरिनेछ। यसका लागि निम्न पक्षहरूमा ध्यान दिईनेछः

क) प्रदेशमा PADS कार्यान्वयन समितिमा महिला र पिछडिएका समूहहरूको सहभागिता ।

ख) सामग्री, मेसिनरी, औजार र शुल्कहरूमा थप अनुदान ।

ग) उद्यमी-महिला र विपन्न वर्गको क्षमता वृद्धि ।

घ) महिलामैत्री उपकरण, मेसिनरी, र औजारको उपलब्धता ।

ङ) सस्तो र सहुलियतपूर्ण कृषि ऋण र बीमामा सहज पहुँच ।

१३. नीतिगत प्रतिवद्धताको विश्वसनीयता कायम एवं प्रवर्द्धन

८४. सबै स्थानीय तह र ईकाइहरूमा PADS को बारेमा सचेतना जगाउने र सो को प्रचार प्रसार गरी PADS अनुरूप स्थानीय योजना तर्जुमा गर्न सहजीकरण गरिनेछ । सबै स्थानीय तहले PADS लाई आफ्नो कृषि विकास योजनाको जगको रूपमा लिने र सहयोग एवं सेवामा पहुँचका लागि नीति र कार्यक्रममा एकरूपता सुनिश्चित गरिनेछ । PADS को समन्वय र कार्यान्वयनमा संलग्न प्रमुख सरोकारवालाहरूको अभिमुखीकरण, तालिम, र अन्तरक्रिया मार्फत क्षमता वृद्धि गरिनेछ ।

१४. मानव संसाधनको आवश्यकता मूल्याङ्कन/पुनरावलोकन

८५. मन्त्रालय, निर्देशनालय, AKC, VHLSEC, फार्म केन्द्रहरू र स्थानीय तहमा थप प्राविधिक विशेषज्ञहरूको दरबन्दी सिर्जना गरी पदपूर्ति गर्न जोड दिइनेछ । जिल्ला र स्थानीय तहको सम्भाव्यताका आधारमा विज्ञहरूको व्यवस्थापन एवं विज्ञ/कर्मचारीहरूको पदोन्नति र सीप विकास मार्फत वृत्ति विकासका अवसरहरू समेत प्रदान गरिनेछ । साथै, विद्यमान मानव संसाधन र स्थानीय स्रोत व्यक्तिको क्षमता आवश्यकताको आधारमा अभिवृद्धि गर्दै लगिनेछ ।

४.४ स्रोत आवश्यकता र लगानी प्रक्षेपण

८६. PADS को लगानी योजनाले २०७९/८०-२०९३/९४ सम्मको १५ वर्षको अवधिलाई समेट्छ । PADS मा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्न कुल लागत रु १ खरब ७६ अरब ३४ करोड ८९ लाख लाग्नेछ । कार्यक्रमहरूलाई ४९ वटा प्रतिफल अन्तर्गत समूहवद्ध गरी लागत अनुमान गरिएको छ । PADS को कार्यान्वयनलाई सहज बनाउन प्रदेश सरकारले पञ्चवर्षीय कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ र त्यस्तो कार्ययोजनालाई अवधिक योजनासँग आवद्ध गरिनेछ ।

८७. कुल वित्तीय आवश्यकताको ३३.७% संघीय सरकारले, ४७.४% प्रदेश सरकारले, ८.८% निजी क्षेत्रले, ५.४% स्थानीय तहले, ३.०% किसान समुदायले र १.८% सहकारी संस्थाहरूले ब्यहोर्ने प्रक्षेपण गरिएको छ (तालिका ४) ।

तालिका ४: प्रतिफल अनुसार लागत अनुमान र श्रोत (रु दश लाख)

वित्तीय श्रोतहरू	प्रतिफल: १	प्रतिफल: २	प्रतिफल: ३	प्रतिफल: ४	जम्मा बजेट
	मागमा आधारित कृषि प्रविधिहरूको विकास र प्रवाह	उत्पादकत्व वृद्धि र बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि	खाद्य र पोषण सुरक्षा अभिवृद्धि	संस्थागत सुदृढीकरण र सुशासन सुधार	
संघीय सरकार	**१,०४७**	**६१,३४७**	**१,३२७**		**६३,७२१**
प्रदेश सरकार	**१२,८२०**	५४,०३१	६,२८७	१२,५०६	८५,६४३
निजी	**३,०९९**	९,९१२	१,४०२		१४,४१३
सहकारी	**५६२**	७९३	११६	५००	१,९७०
स्थानीय सरकार	**१,३५६**	२,६४३	७५४	१,६९०	६,४४३
कृषक समुदाय	**४८४**	३,४३६	२३८		४,१५९
जम्मा	**१९,३६८**	१३२,१६२	१०,१२४	१४,६९५	१७६,३४९

८८. पहिलो पाँच वर्षे लगानी योजनामा सार्वजनिक क्षेत्र (संघ र प्रदेश), निजी क्षेत्र, सहकारी क्षेत्र, स्थानीय तह र कृषक समुदायको योगदान आवश्यक हुन्छ । पहिलो पाँच वर्षमा सार्वजनिक क्षेत्रको लगानी जम्मा आवश्यकताको ७०% रहनेछ । त्यस्तै, निजी क्षेत्रको ११%, स्थानीय तहको १०%, समुदायको ६% र सहकारीहरूको योगदान ३% रहने अपेक्षा गरिएको छ (तालिका ५)।

तालिका ५. पहिलो पाँच वर्षको वित्तिय आवश्यकता (रु दश लाख)

परिणाम	परिणाम सूचकांक	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४	आ.व. २०८४/८५	जम्मा
१	मागमा आधारित कृषि प्रविधिहरूको विकास र प्रवाह	९७४	८७९	८८४	८०२	७१३	४२५२
२	उत्पादकत्व अभिवृद्धि र बजार र व्यापारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि	८४६५	८६१४	७६७६	७३१०	७३१९	३९३८४
३	खाद्य र पोषण सुरक्षा अभिवृद्धि	४३६	४८८	४८०	५३४	५२९	२४६६
४	संस्थागत सुदृढीकरण र सुशासन सुधार	६६२	६६३	६४६	६३१	६४६	३२४७
जम्मा		१०५३७	१०६४३	९६८६	९२७६	९२०७	४९३४८

८९. PADS को कार्यान्वयनको लागि अर्को दश वर्षमा कुल रु १ खरव २७ अरव १० लाख आवश्यक पर्नेछ । जसमा परिणाम १ को लागि रु १५ अरव ११ करोड ५९ लाख; परिणाम २ को लागि रु ९२ अरव ७७ करोड ८६ लाख; परिणाम ३ को लागि रु ७ अरव ६५ करोड ७९ लाख र परिणाम ४ को लागि रु ११ अरव ४४ करोड ८६ लाख आवश्यक छ ।

५. कार्यान्वयन संयन्त्र

PADS सँगठनात्मक संरचना

९०. PADS कार्यान्वयन गर्न संघ, प्रदेश, र स्थानीय तह; निजी क्षेत्र; सहकारी; नागरिक समाज; र विकास साझेदारहरूको सघन प्रयास, समन्वय र रुपान्तरणकारी विधि तथा प्रक्रियाहरू आवश्यक पर्छ । प्रदेश नीति तथा योजना आयोगले नीति तथा योजनाको समन्वय गर्नेछ भने कार्यान्वयनको नेतृत्व भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले गर्नेछ । PADS को प्रभावकारी कार्यान्वयनको लागि तपसिलका संरचना रहने छन् ।

१. PADS समन्वय समिति (PADSCC)

९१. PADS समन्वय समिति (PADSCC) मार्फत कृषि नीति तथा कार्यक्रमहरूको समग्र समन्वय गरिनेछ । PADSCC को संरचना निम्न बमोजिम हुनेछ ।

अध्यक्षः उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग
सदस्यहरुः प्रमुख / उपप्रमुखहरू, जिल्ला समन्वय समिति (DCC)
सदस्यः प्रमुख, कृषि विकास निर्देशनालय
सदस्यः निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
सदस्य सचिवः सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

९२. PADSCC **को मुख्य जिम्मेवारीः** PADSCC ले कृषि नीति, योजना तथा कार्यक्रमहरूको निरन्तर रूपमा सम्बन्धित सरोकारवाला निकायहरू बिच उच्चस्तरीय समन्वय गर्नेछ । PADCC ले कृषि व्यवसाय, कृषि बजार, निजी क्षेत्र, सहकारी; अनुसन्धान, प्रसार र शिक्षा; खाद्य र पोषण सुरक्षा; कृषि पूर्वाधार; कृषक अधिकार, किसान सँगठन/नागरिक समाज/गै.स.स.; विकास साझेदार सम्बन्धी उपसमितिहरू गठन गरी सञ्चालन गर्नेछ ।

२. PADS कार्यान्वयन समिति (PADSIC)

९३. PADS को समग्र कार्यान्वयनको जिम्मेवारी PADS कार्यान्वयन समितिको हुनेछ । यो समितिको संरचना तपसिल बमोजिम हुनेछ ।

अध्यक्षः माननीय मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
सह-अध्यक्षः उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग

सदस्यहरुः PPPC का कृषि क्षेत्र हेर्ने सदस्य, कृषि कलेज (हरू) का डीन; सचिव (आर्थिक मामिला मन्त्रालय; भौतिक पूर्वाधार मन्त्रालय; उद्योग, पर्यटन, बन र वातावरण मन्त्रालय; सामाजिक विकास मन्त्रालय; मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय); FNCCI का प्रदेश अध्यक्ष; राष्ट्रिय किसान समूह महासंघ प्रतिनिधि

सदस्य सचिवः सचिब, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मुख्य जिम्मेवारीः PADS कार्यान्वयन सहयोग इकाई (ADSISU) को लागि संचालक समितिको रूपमा काम गर्नेछ

३. PADS कार्यान्वयन सहयोग इकाई (PADSISU)

९४. PADS कार्यान्वयन सहयोग इकाई PADS कार्यान्वयनमा जिम्मेवार निकाय हुनेछ । यसले क्षमता विकास, समन्वय, सेवा प्रवाह, र कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गरी PADS को कार्यान्वयनलाई सहज बनाउनेछ । यसले PADSCC, अन्य समिति, कार्यान्वयन निकायहरूलाई कार्य सम्पादनमा सहयोग गर्नेछ । PADS कार्यान्वयनमा संलग्न प्रदेश, जिल्ला र पालिका स्तरका संस्थाहरूलाई उनीहरूको क्षमता अभिवृद्धि गर्न यसले सहयोग गर्नेछ ।

४. PADS जिल्ला समन्वय समिति (PADS DCC)

९५. जिल्ला स्तरमा तपसिल बमोजिमको समिति रहनेछ

अध्यक्षः प्रमुख, जिल्ला समन्वय समिति

सदस्यहरुः जिल्ला स्तरका संस्थाहरू, नगरपालिका/गाउँपालिका, जिल्ला उद्योग वाणिज्य संघका प्रतिनिधि, किसान सँगठन, कृषि तथा पशुपन्छीसँग सम्बन्धित शैक्षिक संस्था, परियोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने विकास साझेदार र नागरिक समाजका प्रतिनिधि ।

सदस्य सचिवः कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुख ।

९६. मुख्य जिम्मेवारीः PADS को प्रभावकारी कार्यान्वयका लागि जिल्लास्तरमा समन्वयकारी भूमिका निर्वाह गर्नुका साथै सहभागितात्मक योजना तर्जुमा प्रक्रियामा सहयोग पुऱ्याउने ।

५. नगरपालिका/गाउँपालिका स्तय कार्यान्वयन समिति (PADS M/RM IC)

९७.पालिका स्तरमा तपसिल अनुसारको कार्यान्वयन समिति रहनेछ ।

अध्यक्षः मेयर/अध्यक्ष, नगरपालिका/गाउँपालिका

सदस्यहरुः वार्ड अध्यक्ष,किसान सँगठनका प्रतिनिधि,उपभोक्ता समिति(हरू),कृषि सम्बन्धी शैक्षिक/ट्रेड स्कूलहरू,कृषि उद्यमी र निजी क्षेत्र,गै.स.स. तथा समुदायमा आधारित संस्था एवं कार्यक्रम कार्यान्वयन गर्ने विकास साझेदारका प्रतिनिधि ।

सदस्य-सचिवः प्रमुख, कृषि शाखा/पशु सेवा शाखा

९८. मुख्य जिम्मेवारीः PADS को प्रभावकारी कार्यान्वयका लागि पालिकास्तरमा समन्वयकारी भूमिका निर्वाह गर्नुका साथै सहभागितात्मक योजना तर्जुमा प्रक्रिया र योजना कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

६.भूमिका

१. जिल्ला समन्वय समिति

९९.जिल्ला स्तरमा कार्यक्रम तथा नीति कार्यान्वयनको समन्वय रक्रियाकलापकार्यक्रमको अनुगमन गर्ने / ।

२. नगरपालिकागाउँपालिका/हरूको भूमिका

१००. PADS सँग वार्षिक योजनाकार्यक्रमको एकीकरण गर्ने/,सम्बन्धित नगरपालिका गाउँपालिकामा/PADS कार्यान्वयनको समन्वय गर्ने ।

१०१. पालिकाहरूको PADS कार्यान्वयनमा निम्न प्रतिवद्धता रहनेछः

- PADS कार्यान्वयन इकाईको स्थापना गर्ने ।
- कृषि विकासको लागि कुल बजेटको १५ देखि २० प्रतिशत विनियोजन गर्ने ।
- योजना र कार्यान्वयनको लागि PADSCC सँग समन्वय गर्ने ।
- अनुदान तथा प्रोत्साहन PADS को खाका भित्र रही उपलब्ध गराउने ।
- दक्ष कर्मचारीहरूको उपलब्धता र तिनीहरूको क्षमता विकासका साथै PADS को लागि आवश्यकता अनुसार एक गाउँ एक कृषि प्राविधिक र स्थानीय स्रोत व्यक्तिको व्यवस्था गर्ने ।

३. नेपाल कृषि अनुसन्धान परिषद्

१०२. प्रदेशमा नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को एउटा मात्र अनुसन्धान केन्द्र रहेको छ । PADS ले विभिन्न पारिस्थितिकिय क्षेत्रहरूमा आधारित रही थप NARC स्टेशनहरू स्थापना गर्न सुझाव दिएको छ । NARC स्टेशनहरूले प्रविधि,बाली र पशुपन्छी सेवाहरूमा PADSCC सँगको सहकार्यमा अनुसन्धान तथा प्रसार सेवा सुनिश्चित गर्नेछन् ।

४. विकास साझेदारहरू

१०३. प्रदेशमा कृषि क्षेत्रमा काम गरिरहेका विकास साझेदारहरूले PADS को ढाँचा अनुरूप PADSISU सँगको समन्वयमा आफ्नो कार्यक्रम कार्यान्वयन गर्नेछन् । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रीको अध्यक्षतामा एक संयुक्त क्षेत्रगत समीक्षा (JSR) संयन्त्र स्थापना गरिनेछ । यस संयन्त्र मार्फत सरकारी र विकास साझेदारका कार्यक्रम र बजेट वार्षिक रूपमा समीक्षा गरी आगामी आर्थिक वर्षको लागि कार्यक्रम प्रस्ताव गरिनेछ । PADSCC ले प्रदेशका विकास साझेदारका लागि एकद्वार नीति सुनिश्चित गर्नेछ ।

७. अनुगमन, मूल्याङ्कन र समीक्षा

१. PADS को अनुगमन, मूल्याङ्कन र समीक्षा

१०४. PADS को नियमित, व्यावसायिक, सहभागितामूलक, र नतिजामूलक अनुगमन गरिनेछ । PADS कार्यान्वयन सहयोग इकाईले मन्त्रालय, निर्देशनालय, जिल्ला र स्थानीय स्तरमा अनुगमन ईकाइहरूको क्षमता निर्माणमा सहयोग पुऱ्याउनेछ । PADSISU ले प्रादेशिक मन्त्रालयमा अनुगमन संयन्त्रको विकास र कार्यान्वयन गर्नेछ । साथै, वार्षिक कार्यसम्पादनको अनुगमन PADS समन्वय समितिले गर्नेछ । वार्षिक अनुगमन प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश नीति तथा योजना आयोगमा पेस हुनेछ ।

१०५. PADSISU ले PADS को कार्यान्वयन सुनिश्चित गर्न नियमित अनुगमन गर्नेछ । PADS को लक्ष्य हासिल गर्न डिजाइन गरिएको अनुगमन ढाँचा अनुसार परिणाम र प्रभावका साथै उत्पादन सामग्री र प्रतिफलको समेत अनुगमन गरिनेछ । अनुगमन प्रतिवेदनलाई प्रदेश, जिल्ला, र स्थानीय तहमा समीक्षा गरिनेछ । मन्त्रालयले अनुगमन ढाँचा र क्षमता अभिवृद्धिको जानकारी दिन सहजीकरण गर्नेछ ।

२. प्रादेशिक संयुक्त क्षेत्रगत समीक्षा (PJSR) संयन्त्र स्थापना

१०६. संयुक्त क्षेत्रगत समीक्षा (JSR) संयन्त्र मार्फत सरकारी र विकास साझेदारका कार्यक्रम र बजेट वार्षिक रूपमा समीक्षा गरी आगामी आर्थिक वर्षको लागि क्रियाकलापहरू प्रस्ताव गरिनेछन् । MoLMAC को नेतृत्वमा विकास साझेदार र कृषि विकासमा संलग्न अन्य सरोकारवालाहरूले संचालित कार्यक्रमको समीक्षा र नयाँ योजना तर्जुमाको लागि संयुक्त क्षेत्रगत समीक्षा गरिने हुँदा यसबाट विश्वसनीय आधार बन्न सक्ने र यस क्षेत्रको कार्य सम्पादन र संयुक्त रूपमा मूल्याङ्कन गर्न PJSR ले सूचनाको स्रोतको रूपमा समेत काम गर्नेछ ।

८ PADS मार्गचित्र

१०७. PADS ले आगामी १५ वर्षको अवधिमा सुदूरपश्चिम प्रदेशको कृषि रूपान्तरणको लागि योजना बनाएको छ । यो एक लामो अवधि हो जसमा महत्त्वपूर्ण परिवर्तनहरू निश्चित रूपमा हुनेछन् । PADS ले कृषि विकासको लागि एक रूपरेखा प्रदान गर्छ जुन यस अवधिमा धेरै पटक सुधार र परिमार्जन गर्न आवश्यक हुनेछ ।

१०८. PADS सफल हुनको लागि निम्न बमोजिमका शर्तहरू पूरा हुनु पर्छ ।

क) प्रदेश सरकारको प्रतिवद्धता

ख) स्थानीय सरकारको प्रतिवद्धता

ग) PADS कार्यान्वयनका लागि नीति र नियमहरू तर्जुमा

घ) प्रमुख सरोकारवालाहरूको सहमति

ङ) विकास साझेदारहरूको सहयोग

१ प्रदेश सरकारको प्रतिवद्धता

१०९. PADS मा प्रदेश सरकारको प्रतिवद्धतालाई वित्त, कानून, मानवस्रोत र संस्थासँग सम्बन्धित निम्न चार मुख्य सूचकहरूद्वारा निर्देशित गरिनेछ ।

क) बजेटमा प्रतिवद्धता ।

ख) कर्मचारी/विज्ञको उपलब्धता ।

ग) प्रमुख पदको कार्यकाल (समयावधि) सुनिश्चितता।

घ) PADS को कार्यान्वयन सुनिश्चित गर्न प्रादेशिक एडीएस कार्यान्वयन समिति, PADS समन्वय समिति तथा उपसमिति र PADS कार्यान्वयन सहयोग इकाई (ADSISU) को स्थापना ।

२ स्थानीय तहको प्रतिवद्धता

११०. PADS को लागि स्थानीय सरकारको प्रतिवद्धता महत्वपूर्ण हुनेछ ।

क) प्रत्येक स्थानीय तहद्वारा बजेट प्रतिवद्धता ।

ख) कर्मचारी/विज्ञहरूको उपलब्धता ।

ग) स्थानीय स्तरमा PADS कार्यान्वयन समितिको स्थापना ।

९. PADS कार्यान्वयनका लागि संरचना स्थापना र नीति नियमहरूको तर्जुमा

१११. PADS को सफल कार्यान्वयनको लागि निम्न अनुसारको संरचना स्थापना र नीति नियमहरूको तर्जुमा गर्नु आवश्यक छ ।

क) PADS कार्यान्वयन सहयोग इकाई (PADSISU)

ख) PADSCC र उप-समितिहरूको संरचना

ग) PADS सूचना डेस्क

घ) NARC पुनर्संरचना

ङ) मूल्य श्रृंखला विकास संजाल (Value Chain Alliance)

च) गुणस्तर र स्वच्छता सम्बन्धी नियमहरू

छ) जग्गा भाडा र करार खेती

ज) बाली र पशु बीमा नियमहरू

झ) अनुदान पालना सम्बन्धी नियम

ञ) कृषि ऋण, बिमा नीति तथा वित्तिय नीति कार्यान्वयन

ट) सहकारी परिचालन नीति

ठ) सार्वजनिक निजी साझेदारी नीति

१०. प्रमुख सरोकारवालाहरूको सहमति

११२. PADS लाई एक प्राविधिक अभ्यासको रुपमा मात्र बुझ्नु हुंदैन किनकि यो अर्को १५ वर्षको लागि तयार गरिएको प्रदेशको एक आधारभूत योजना हो । यस रणनीतिले कृषि क्षेत्रको समावेशी र दिगो विकासका साथै प्रदेशको कृषि क्षेत्रका मुद्दाहरूलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ । यसको प्रभावकारी कार्यान्यनका लागि प्रमुख सरोकारवालाहरू (सरकार, किसान, व्यवसायी, सहकारी क्षेत्र, राजनीतिक र सामाजिक निकायहरू) बिच बलियो सहमति आवश्यक पर्छ ।

११. विकास साझेदारहरूको सहयोग

११३. PADS को कार्यान्वयन धेरै हदसम्म कृषि र पूर्वाधार विकास क्षेत्रमा काम गर्ने विकास साझेदारहरूको प्रभावकारी भूमिकामा निर्भर गर्छ । PADS ले एकद्वार प्रणाली मार्फत उनीहरूको सहयोग खोजेको छ । स्रोतको दोहोरोपनाबाट बच्न र जनतालाई अधिकतम फाइदा पुऱ्याउनका लागि विकास साझेदारहरूले PADSIC/PADSCC सँग JSR संयन्त्र मार्फत काम गर्नेछन् । PADSCC ले PADS कार्यान्वयनको प्रारम्भमा विद्यमान र भविष्यमा सहभागी हुन सक्ने विकास साझेदारहरूको पहिचान गर्नेछ र तिनीहरूलाई PADS खाका भित्र ल्याउनेछ ।